# विराटनगर महानगरपालिका

बैठक प्रारम्भः दिउँसो ३ : ०० बजे

बैठक संख्याः ६३

बैठक स्थगनः ५ : ०० बजे

मितिः २०७६/१२/ १६

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | राजेन्द्र प्रधान | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |

निर्णय नं. १

कोरोना भाइरस (कोभिड १९ ) को महामारी न्यूनिकरण तथा नियन्त्रणका लागि सरकारले लकडाउन घोषणा गरेको यस विशेष परिस्थीतिमा विराटनगर महानगरपालिका क्षेत्र भित्रका दैनिक ज्याला गरी खाने विपिन्न घरधुरी परिवारलाई आधारभुत खाद्यान्नको प्रवन्ध मिलाउन विपद व्यवस्थापन समितिमा भएको छलफल अनुसार २५०००। (पच्चिस हजार) घरधुरीका लागि आवश्यक पर्ने पाईएकोले ती परिवारलाई खाद्यान्नको व्यवस्थापन गर्नका लागि तपसिल वमोजिमको लागत अनुमान (विराट व्यापार संघवाट प्राप्त दरलाई आधार मानी) स्विकृत गरी ३ दिने सार्वजनिक सूचना टांस गर्ने गरी प्रति यूनिट दर लिने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. सोना मंसुली अरुवा चामल प्रति के.जी. : रु.५६।००X२५०००X१२ के.जी. = | रु.१,६८,००,०००। |
| २. मुसुरीको दाल प्रति के.जी .: रु.११०।०० X २५०००। = | रु. २७,५०,०००। |
| ३. रहरको दाल प्रति के.जी .: रु. १५०। X २५०००। = | रु. ३७,५०,०००। |
| ४. तोरीको तेल आधा लि. प्याकेट : रु. ९२।५० X २५००० = | रु. २३,१२,५००। |
| ५. सेतो आलु प्रति के.जी रु.४५।०० X २५००० X २ के.जी. = | रु. २२,५०,०००। |
| ६. आयो नुन प्रति के.जी. : रु.२२।०० X २५००० = | रु. ५,५०,०००। |
| जम्मा | रु.२,८४,१२,५००। |

निर्णय नं. २

खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लि. वाट राहत वितरणको आवश्यकता अनुसार सोना मंन्सुली अरुवा चामल कम्पनिले तोकेको मुल्यमा सोझै खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

साल्ट ट्रेडिङ कर्पोरेसनवाट राहत वितरणको आवश्यकता अनुसार आयो नून कम्पनिले तोकेको मुल्यमा सोझै खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

विराटनगर महानगरपालिका क्षेत्र भित्रका दैनिक ज्याला मजदुरी गरि खाने घरधुरीका साथै अति बिपन्न परिवारलाई आधारभुत खाद्यान्न लगायत अन्य अति आवश्यक सामाग्रीहरु खरिद गर्नका लागि रकम अपूग हुने हुदाँ आ.व.२०७६/०७७ को वार्षिक बजेटको सि.नं. ६७ को "विशेष क्षेत्र पुर्वाधार विकास कार्यक्रम" (वित्तिय समानिकरण श्रोत) शिर्षकमा विनियोजित रकम रु. ६ करोड मध्येवाट रु. १ करोड आगामी नगर सभाबाट अनुमोदन हुने गरी विपत् व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
महानगरपालिकाले स्थापना गरेको क्वारेन्टाईन स्थलको व्यवस्थापन एवं सो स्थानमा वसेका, अलपत्र परेका यात्री/ मजदुरका साथै उक्त कार्यमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई खाना, नास्ता साथै संचार सुविधाको प्रवन्ध मिलाउने निर्णय गरियो ।